प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
# प्रदेश खेलकुद विकास बोर्ड
कोशी प्रदेश, विराटनगर

प.सं.२०८१/०८२ मिति: २०८२/०३/२१
च.नं.

'खेल गति नै खेलाडीहरूको प्रगति' भन्ने मान्यता साथ अघि बढिरहेको प्रदेश खेलकुद विकास बोर्ड, कोशी प्रदेशले प्रदेश सरकारले प्रत्यायोजन गरेको अधिकार र जिम्मेवारीको कार्यान्वयन गर्दै आइरहेको छ। प्रदेश खेलकुद विकास बोर्ड, कोशी प्रदेशले आफ्नो क्षेत्राधिकार र कार्यदिश अनुरूपको कार्य गर्दा सङ्घीय सरकार, प्रदेश सरकार,स्थानीय तह र निजी क्षेत्रसँग आवश्यकता अनुसारको सहकार्य र समन्वय समेत गर्दै आएको छ। प्रदेशमा खेलकुद क्षेत्रको अभिभावकको भूमिकामा रहेको प्रदेश खेलकुद विकास बोर्डको आयोजनामा विराटनगरमा सम्पन्न दुई दिने खेलकुद सरोकारवाला, निजी क्षेत्र, स्थानीय तहसँग बृहत् अन्तरक्रिया र छलफल कार्यक्रममा सहभागीहरूको सल्लाह र सुझाव बमोजिम २१ बुँदे 'कोशी प्रदेश खेलकुद सम्बन्धी विराटनगर घोषणापत्र' जारी गरियो।

<u>घोषणापत्रका बुँदाहरू:</u>

१) 'खेल गति नै खेलाडीहरूको प्रगति' नारालाई लाई प्रदेश खेलकुद विकास बोर्ड, कोशी प्रदेशको आधिकारिक नाराको रूपमा स्वीकार गर्दै व्यवहारमा लागू गर्ने।

२) 'खेल गति नै खेलाडीहरूको प्रगति' भन्ने मान्यताका साथ प्रदेश खेलकुद विकास बोर्डको योजना अनुरूप सङ्घीय सरकार, कोशी प्रदेश सरकार र सुन्दरहरैंचा नगरपालिकाको साझेदारीमा प्रदेशलाई खेलकुद हबको रूपमा विकास गर्न बहुवर्षीय आयोजनाको रूपमा निर्माण गर्न लागिएको 'कोशी प्रदेश खेलकुद ग्राम'को निर्माणलाई तीव्रता दिन पहलकदमी लिने ।

३) प्रदेश खेलकुद विकास बोर्ड, कोशी प्रदेशले खेलाडीहरूको नियमित प्रशिक्षणलाई अनिवार्य गर्ने साथै रिफ्रेस कोर्स तालिमहरू सञ्चालन गर्ने।

४) प्रदेश खेलकुद विकास बोर्ड, कोशी प्रदेशले खेलाडी, प्रशिक्षक, खेल संघ, क्लबहरूको वर्गीकरण गरि आवश्यक अनुदान उपलब्ध गराउने।

५) खेलाडीहरूको उत्पादन र प्रवर्द्धन एवम् खेल क्षेत्रको विकासलाई प्रभावकारी बनाउन अभिभावक अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने।



फोन नं. ०२१-५९०६६० इमेल: psdb147@gmail.com

६) प्रदेश खेलकुद विकास बोर्ड, कोशी प्रदेशले खेल क्षेत्रको विकास गर्न आवश्यक ऐन, नीतिनियमहरू समयसापेक्ष संशोधनका लागि पहल गर्ने ।

७) कोशी प्रदेशको खेलकुदको विकासमा निजी क्षेत्रलाई महत्वपूर्ण साझेदारका रूपमा स्वीकार गरिने र खेलकुद क्षेत्रमा निजी क्षेत्रले गर्ने लगानीको अभिलेखीकरण गर्ने ।

८) निजी क्षेत्रले संस्थागत सामाजिक उत्तरदायित्व (सिएसआर) अन्तर्गतको सहयोग खेलकुद क्षेत्रमा लगानी गर्ने कानुनी व्यवस्था निर्माणका लागि सम्बन्धित निकायमा पहल गर्ने।

९) प्रदेश खेलकुद विकास बोर्ड, कोशी प्रदेशले प्रदेश सरकार समक्ष खेल क्षेत्रको प्राथिमिकरण गर्न आवश्यक सल्लाह र सुझाव पेश गर्ने।

१०) खेल पूर्वाधार निर्माणमा सार्वजनिक-निजी साझेदारी अवधारणालाई अघि बढाउन प्रदेश सरकार समक्ष सुझाव पेश गर्ने।

११) कोशी प्रदेशमा साहसिक खेलकुद पर्यटनको अवधारणा अघि बढाउन पहल गर्ने ।

१२) 'कोशी प्रदेश खेलकुद महोत्सवलाई' अन्तर-प्रदेश खेलकुद महोत्सव'को रूपमा अघि बढाउने।

१३) स्थानीय तह मार्फत सामुदायिक विद्यालयहरूमा खेलकुद विकासका लागि विशेष बजेट व्यवस्था गर्न आवश्यक समन्वय गर्ने।

१४) स्थानीय तह, निजी क्षेत्र र सामुदायिक तथा संस्थागत विद्यालयको समन्वयमा आधारभूत तह (ग्रासरुट) को खेलकुद कार्यक्रमलाई प्रभावकारी र नियमित रूपमा सञ्चालन गर्ने।

१५) कोशी प्रदेश भरिका स्थानीय तहहरूमा पालिका खेलकुद विकास समिति निर्माण गर्न, संस्थागत रूपमा खेलकुद गतिविधि गर्न, ऐन-कानून निर्माण गर्न पहल गर्ने ।

१६) प्रदेश खेलकुद विकास बोर्ड, कोशी प्रदेश र मातहातको कार्यालयको अनुमतिमा आयोजना हुने सम्पूर्ण आधिकारिक प्रतियोगिताहरूमा सहभागी खेलाडीहरूका लागि निःशुल्क स्वास्थ्य उपचारको व्यवस्था र खेलाडी स्वास्थ्य बिमा कार्यक्रम अनिवार्य लागू गर्ने।


फोन नं. ०२१-५९०६६० इमेलः psdb147@gmail.com

१७) प्रदेश खेलकुद विकास बोर्ड, कोशी प्रदेश मातहतका १४ वटै जिल्ला खेलकुद विकास समितिलाई थप साधन-स्रोतयुक्त बनाउने साथै आवश्यक कर्मचारी र प्रशिक्षकको व्यवस्था गर्ने।

१८) कोशी प्रदेशलाई प्रतिनिधित्व गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक प्राप्त गर्ने खेलाडीलाई गौरवको सम्मान सहित मासिक प्रोत्साहन भत्ताका लागि पहल गर्ने।

१९) प्रदेशका निर्माणाधीन खेल संरचनाहरूको प्राथिमिकरणका आधारमा निर्माण कार्य सम्पन्न गर्ने।

२०) प्रदेश खेलकुद विकास बोर्ड, कोशी प्रदेशले निर्माण गरेको खेल संघ तथा खेल संस्थाहरूको दर्ता, नवीकरण, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मार्गनिर्देशन—२०८१ मा आवश्यकता अनुरूप संशोधन गर्दै कडाई साथ लागू गरिने।

२१) प्रदेश खेलकुद विकास बोर्ड, कोशी प्रदेशले लामो समय देखि खेलक्षेत्रमा योगदान गर्दै आउनु भएका अग्रज खेलकर्मीलाई नियमित सम्मान तथा प्रोत्साहन गर्ने।

असार २१, २०८२

विराटनगर



फोन नं. ०२१-५९०६६० इमेलः psdb147@gmail.com